तथ्यपत्र:

# अष्ट्रेलियामा आप्रवासी कामदारहरू र उनीहरूका अधिकारहरू

CLEANING ACCOUNTABILITY FRAMEWORK

Australian Human Rights Commission

आप्रवासी कामदारहरूसहित सबै मानिसहरूको मानवअधिकार हुन्छ। मानवअधिकारले मर्यादालाई बढावा दिन्छ र दुर्व्यवहारबाट सुरक्षा प्रदान गर्दछ। आप्रवासी कामदारहरूको मानवअधिकारको सम्मान गर्नु व्यवसाय र रोजगारदाताहरूको दायित्व हो। सबै कामदारहरूलाई शोषण र हानिबाट जोगाउन अष्ट्रेलियामा कानूनहरू छन्। यी सुरक्षाहरूका केही उदाहरणहरू तल उल्लेखित छन्:

## रोजगारीगर्दाको न्यूनतम अधिकार

धैरैजसो अवस्थामा अष्ट्रेलियाका कर्मचारीहरू आधारभूत न्यूनतम रोजगारी मापदण्डहरूको हकदार हुन्छन्। यसमा स्वीकृत बिदा, कार्य दिनको समयमा विश्राम, सुपरएनुएसन र रोजगार समाप्तिको सूचना समावेश छ। श्रमिकहरूलाई निष्पक्ष कार्य आयोग (Fair Work Commission) ले तोकेको न्यूनतम पारिश्रमिकभन्दा तल भुक्तान गर्न पनि पाइँदैन।

### के तपाईंलाई थाहा छ?

एक कामदारलाई बैठक र प्रशिक्षण समयसहित काम गरेको सबै समयको न्यूनतम पारिश्रमिक वा सोभन्दा माथि भुक्तानी गरिनुपर्छ।



## प्रतिशोधबाट स्वतन्त्रता

कार्यस्थलमा हुने भेदभावको बारेमा उजुरी गर्ने अधिकारसहित आफ्नो कार्यस्थलको अधिकारको प्रयोग गरेकोमा कामदारलाई दण्डित वा बेवास्ता गर्नु कानूनको विरुद्ध हो।

### के तपाईंलाई थाहा छ?

कामदारले आफ्नो वार्षिक बिदाको अधिकार प्रयोग गर्न रोज्दा वा तिनीहरूको संघमा सामेल भएमा रोजगारदाताले कामदारको काम गरेको घण्टा घटाउन सक्दैन।



## जबरजस्ती श्रम गराउनेबाट स्वतन्त्रता

अष्ट्रेलियामा कसैलाई जबरजस्ती श्रम गराउनु, कसैलाई जबरजस्ती श्रममा राख्न वा जबरजस्ती श्रममा समावेश गर्ने व्यवसाय सञ्चालन गर्नु अपराध हो। जबरजस्ती श्रम भनेको कुनै पनि तर्कसंगत व्यक्तिले जबरजस्ती, धम्की वा धोकाको कारण काम गर्न छोड्न वा काम गर्ने ठाउँ छोड्ने स्वतन्त्र नपाउनु हो।

**उदाहरण:** एक कामदार जबरजस्ती श्रममा हुन सक्छ यदि रोजगारदाताले आफ्नो काम छोड्नबाट रोक्नको लागि कामदारहरुको राहदानी फिर्ता गर्न अस्वीकार गरेमा।

## कामममा भेदभाव

रोजगारदाताले सामान्यतया  कामदारको व्यक्तिगत संरक्षित विशेषताहरूको कारण उक्त कामदारलाई अरूभन्दा खराब व्यवहार गर्नु कानूनको विरुद्ध हुन्छ। त्यस्तो व्यवहार गर्नुलाई <u>प्रत्यक्ष भेदभाव</u> भनिन्छ।

**उदाहरण:** यदि रोजगारदाताले कुनै कामदारको जात वा जातियताको कारण उसको रोजगारी समाप्त गरेमा यो कामदारको विरुद्धको <u>प्रत्यक्ष भेदभाव हुन्छ</u>

रोजगारदाताले सबैलाई समान व्यवहार गर्नेजस्तो देखिने तर वास्तवमा संरक्षित विशेषता भएका केही व्यक्तिहरूको अहितमा हुने अनुचित नियमहरू राख्न पनि सामान्यतया कानूनको विरुद्ध हो। त्यस्तो व्यवहार गर्नुलाई <u>अप्रत्यक्ष भेदभाव</u> भनिन्छ।

उदाहरण: एक रोजगारदाताले कामदारको विरुद्धमा <u>अप्रत्यक्ष रूपमा भेदभाव गर्दछ</u> जब उनीहरूले बताउँछन् कि कामको लागि योग्य हुन उम्मेदवारको पहिलो भाषा अंग्रेजी हुनुपर्छ।

## आप्रवासको स्थिति

आप्रवासी कामदारहरू जसले शोषणको सामना गरिरहेका छन् र आफ्नो भिसाको स्थितिको बारेमा चिन्तित छन्, उनीहरूले आश्वासन प्रोटोकल (Assurance Protocol) अन्तर्गत भिसा रद्दको डरबिना मद्दत लिन सक्नेछन्। सर्तहरू लागू हुन्छ। थप जानकारी यहाँ उपलब्ध छ: https://immi.homeaffairs.gov.au/visas/working-in-australia/work-rights-and-exploitation

### के तपाईंलाई थाहा छ?

भिसा गृह विभाग (Department of Home Affairs) द्वारा मात्र रद्द गर्न सकिन्छ। तपाईंको रोजगारदातासँग तपाईंको भिसा रद्द गर्ने अधिकार छैन।



## मैले कहाँ मद्दत पाउन सक्छु?

यदि तपाईंलाई काममा आफ्नो अधिकारको लागि सहयोग चाहिन्छ भने, वा यदि तपाईं उजुरी गर्न चाहनुहुन्छ भने, तपाईंलाई मद्दत गर्न सक्ने धेरै संस्थाहरू छन्। तलका सेवाहरूले निःशुल्क र गोप्य सहायता र मार्गदर्शन प्रदान गर्न सक्छन्।

**अष्ट्रेलियाली मानवअधिकार आयोग (Australian Human Rights Commission)**

राष्ट्रिय सूचना सेवा (National Information Service):
फोन: 1300 656 419 वा (02) 9284 9888
1800 620 241 (निःशुल्क कल)
इमेल: infoservice@humanrights.gov.au
वेबसाइट: www.humanrights.gov.au

**निष्पक्ष कार्य अनुपालक (Fair Work Ombudsman)**

फोन: 13 13 94
वेबसाइट: https://www.fairwork.gov.au

**तपाईंको राज्य वा क्षेत्रको कानुनी सहायता आयोगहरू**

आफ्नो स्थानीय सेवा फेला पार्न यहाँ जानुहोस्: https://www.nationallegalaid.org/for-individuals/

**तपाईंको स्थानीय सामुदायिक कानूनी केन्द्र**

आफ्नो स्थानीय सामुदायिक कानूनी केन्द्र फेला पार्न यहाँ जानुहोस्: https://www.fclc.org.au/find_a_community_legal_centre

**अष्ट्रेलियाको संघीय पुलिस (Australian Federal Police)**

आपतकालिन अवस्थामा 000 (तीन शून्य) मा फोन गर्नुहोस्।
राष्ट्रिय स्विचबोर्ड: (02) 5126 0000

**संघहरु**
तपाईंले अष्ट्रेलियन काउन्सिल अफ ट्रेड युनियन (Australian Council of Trade Unions) को राष्ट्रिय निर्देशिकामार्फत आफ्नो संघ फेला पार्न सक्नुहुन्छ: https://www.actu.org.au/about-the-actu/directory